**तिलागुफा नगरपालिका**
**गाल्जे, कालिकोट**

**मिति २०७६ साल असार १० गतेका दिन तिलागुफा नगरपालिका कालिकोटको छैटौं नगर सभामा तिलागुफा नगरपालिकाको उपप्रमुख श्री दन्ता नेपालीले प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७६/०७७ को वार्षिक प्रस्तावित नीति, कार्यक्रम तथा वजेट वक्तव्यको पूर्ण पाठ।**

सभा अध्यक्षज्यू,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी आगामी आर्थिक बर्ष २०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा वजेट सार्वजनिकीकरण समारोहमा पाल्नु भएका प्रमुख अतिथि, विशिष्ठ अतिथिहरु, नगरसभाका पार्षदहरु, सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम त म तिलागुफा नगरपालिका, गाल्जे कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु।

१. तिलागुफा नगरपालिकाको उपप्रमुखका हैसियतले यस सम्मानीत नगरसभामा आ.व.०७६।७७ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु। यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक युगमा ल्याउने क्रममा जीवन वलिदान गर्नु हुने सम्पूर्ण शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवंगत आदरणीय नेताहरुमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकतावद्ध रहेका महान नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्दछु।
२. राज्य पूर्नसंरचनाको महत्वपूर्ण पक्ष मानिएको वित्तीय संघीयता कार्यान्वयनमा आएका कारण नै आज मैले यो वजेट बक्तव्य राख्ने अवसर प्राप्त गरेको छु। जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नगरका नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ। संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट श्रोत, साधन र अवसरको अधिकतम् परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधार तय भएको छ।
३. मुलुकले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको जगमा वर्तमान नगर सरकार समृद्ध नगर, सुखी नगरवासीको आकांक्षा हासिल गर्ने मार्गमा दृढताका साथ अघि बढेको छ। यस क्रममा सामाजिक न्याय सहितको तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी नगरपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै अघि बढन यो नगरकार्यपालिका सदैब प्रतिवद्ध छ।
४. विगत २ वर्षको बजेट कार्यान्वयनबाट नगरका सबै वडामा सडक संजाल पुगिसकेको छ भने २ नं. वडा बाहेक अन्य वडाहरुमा यातायात सेवा नै पाउने अवसर नागरिकहरुले प्राप्त गरेका छन्। यसबाट समग्र नगरमा आर्थिक क्रियाकलाप, वचत गर्ने क्षमता, गरिवि निवारण तथा नागरिकको जीवनस्तरमा त्यसको प्रतिफल विस्तारै देखिन थालेको छ। आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण कार्यमा तिव्रता आइरहेको छ। लगानीमैत्री वातावरणका कारण बजारीकरण विस्तार हुदै गएको छ। नगरको विकास र समृद्धिमा निजि तथा सहकारी क्षेत्रको उपस्थिति बलियो बनिरहेको छ।
५. आगामी आ.व.को वजेट तर्जुमा गर्दा मैले हालसम्म हासिल भएका उपलब्धीहरु संस्थागत गर्दै नागरिकका सामाजिक तथा आर्थिक हित सम्वर्द्धन गर्न समान अधिकार, समान अवसर, श्रोत तथा साधनको समन्यायिक वितरण र सामाजिक सुरक्षाको विषयमा विशेष ध्यान दिएकी छु। नगरपालिकालाई सुदृढ तथा प्रभावकारी बनाउन वडा कार्यालय तथा वडा समितिलाई संस्थागत बनाई नागरिकसँग निरन्तर जोडिरहने व्यवस्था मिलाएको छु। नगरवासीहरु वीच रहेको विद्यमान आर्थिक सामाजिक असमानता घटाउँदै दिगो र उच्च आर्थिक वृद्धि प्राप्त गर्ने दिशामा बजेटलाई केन्द्रित गरेको छु।

**सभाध्यक्ष महोदय,**

६. अब म आगामी आर्थिक वर्ष २०७६।७७ को बजेटका उद्देश्य तथा प्राथमिकता पेश गर्दछु। बजेटका उद्देश्यहरु निम्न रहेका छन् :

(क) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरुको शीघ्र परिपूर्ति गर्दै नगरवासीको जीवनोस्तरमा गुणात्मक सुधार गर्ने,

(ख) उपलब्ध श्रोत साधन, अवसर र क्षमताको उच्चतम् उपयोग तथा न्यायीक वितरण गर्दै सामाजिक न्याय सहितको द्रुत आर्थिक विकास गर्ने,

(ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी वि.सं.२०८० सालसम्ममा पूर्वाधारयुक्त कृषि तथा पर्यटकीय नगरपालिकाको दरिलो आधार निर्माण गर्ने ।

७. बजेटका उल्लेखित उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार नीतिगत, कार्यक्रमगत र प्रकृयागत प्राथमिकता निर्धारण गरेको छु :

(क) नगरभित्र रहेको चरम गरिविको अन्त्य तथा पिछडिएको क्षेत्र, वर्ग र समुदायको शीघ्र उत्थान तथा सामाजिक सुरक्षाको विस्तार गर्दै लोककल्याकारी नगरको पहिचान निर्माण गर्ने ।

(ख) युवाहरुको परिचालन, उत्पादन सम्वन्धको रुपान्तरण तथा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा नगरको पूँजी निर्माण, रोजगारी सृजना र आयवृद्धि

(ग) गुणसतरीय शिक्षा, स्वास्थ, खानेपानी लगायतका सामाजिक र कृषि, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास तथा नगरस्तरीय रणनैतिक भौतिक पूर्वाधारको निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन ।

(घ) विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नगरवासीलाई अनुभूति हुने सुशासन प्रवर्द्धन र

(ड) श्रोत, साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न वडा र नगरपालिका तथा सहकारी र निजी क्षेत्रवीच सहकार्य ।

८. अब म सम्बैधानिक तथा कानूनी व्यवस्था अनुसार आगामी आर्थिक वर्षको बजेटका विनियोजन सम्वन्धी विवरणहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**कृषकको उन्नति : तिलागुफाको समुन्नति**

९. तिलागुफा नगरवासीको मुख्य पेशा कृषि हो भन्ने कुरामा कुनै द्विविधा छैन । करीव **५२००** घर परिवार रहेको यस नगरपालिकामा प्राय प्रत्येक परिवार कुनै न कुनै रुपमा कृषिसँग आवद्ध रहेको छ । यसैले कृषि पेशा र कृषकको समुन्नति विना नगरको समुन्नतिको परिकल्पना केवल खोक्रो नारा मात्र हुनेछ । आगामी आर्थिक वर्ष कृषि उन्नतिको आधार वर्ष हुने गरी कृषि कार्यक्रमहरुमा बजेट विनियोजन गरेको छु ।

१०. कृषकले गरेको उत्पादन विक्री गर्ने बजार नहुने, विक्री गर्ने समयमा विक्री गर्न नपाउने, कृषक आफैंले बोकेर बजारसम्म पुर्‍याई किन्नेको मोलमा सामान विक्री गर्नु पर्ने, विक्री नै नभएर गाइवस्तुलाई ख्वाउनु पर्ने तथा कुहाएर नष्ट गर्नु पर्ने जस्ता कृषकका समस्याहरुसँग हामी पूर्ण परिचित छौं । यसका लागि परम्परागत सोंचबाट माथि उठेर कृषि र सहकारीलाई एकसाथ अघि बढाउने नीति अबलम्बन गरीनेछ। आगामी आ.व.मा कृषकले उत्पादन गरेका हर उत्पादन (धान, गहुँ, आलु, स्याउ, ओखर, फापर, सिमि, तरकारी आदि) कृषकको वारीमा नै पुगेर संकलन गर्ने सहकारीलाई संकलन गरेको कृषि उत्पादनको अभिलेखको आधारमा औसतमा प्रतिक्वीन्टल रु.१५०० का दरले वर्षभरिका लागि **१३२० क्वीन्टल उत्पादन** संकलनका लागि **१९लाख ८० हजार** रकम अनुदान उपलब्ध गराउने गरी बजेट विनियोजन गरेको छु। प्रत्येक वडाबाट प्रत्येक महिना १०

क्वीन्टलका दरले संकलनको व्यवस्था मिलाइने यस्तो व्यवस्थाले कृषि उत्पादन बढ्ने र कृषकको पेशामा व्यवसायीकरण भै उन्नति हुने विश्वास लिएको छु ।

११. आफ्नो कृषि उत्पादन सहकारीलाई बेची सहकारीको अभिलेखमा सम्वन्धित् वडाबाट एक आर्थिक वर्षमा उच्च परिमाण (तौल+मुल्य) मा विक्री गर्न सफल वडाले छनौट गरेका **११० जना कृषकलाई रु. २५ हजारका** दरले एक समारोहका बीच पुरस्कार प्रदान गरिनेछ । यसले युवाहरुलाई कृषिपेशामा आवद्ध हुन प्रोत्साहन मिल्ने र कृषक उत्प्रेरित तथा थप जाँगरिलो बन्ने विश्वास लिएको छु ।

१२. बेमौसमी तरकारी खेति आय आर्जनको भरपर्दो वैकल्पिक पेशा बन्दै गएको छ । स्थानीय तथा वाह्य वजारमा बेमौसमि तरकारी विक्री गर्न सके स्वतः उच्च मुल्य प्राप्त गरी आय आर्जन हुने निश्चित छ । प्रत्येक वडाले छनौट गरेका ५ परिवारका दरले नगरका **५५ परिवारलाई** प्रति परिवार रु. २५ हजारका दरले सहयोग गर्न **१३ लाख ७५ हजार** रकम विनियोजन गरेको छु ।

१३. रैथाने बालीहरुको संरक्षण र प्रवर्द्धन अर्को चुनौतिका रुपमा रहेको छ । यस क्षेत्रमा हुने रैथाने बालीहरु फापर, चिनु कागुनु, मार्सी, कोदो, सिमि, भटमास, मार्से, गहत, गुराँस, कलामुसुरोलाई प्रवर्द्धन गर्न प्रत्येक वडाका २० जनाका दरले २२० जना कृषकलाई सहयोग गर्न रु.५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

१४.अर्गानिक उत्पादन प्रोत्साहन गर्न कृषि प्रदर्शनी मेला आयोजना गरी उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने गरी २ लाख बजेट विनियोजन गरेको छु ।

१५. विजवृद्धि कार्यक्रम गर्न प्रत्येक वडाका १० जना कृषकहरुका लागि १ लाख १० हजार रकम विनियोजन गरिएको छ । यसबाट धान र गहुँ जस्ता मुख्य वालीको विज वृद्धि भै कृषकहरु लाभान्वित हुनेछन् ।

१६. ग्रामीण महिलाहरु अझै पनि ढिकी जाँतोमा पिल्सीरहेका छन् । यो परम्पराबाट मुक्त हुन सहयोग पुगोस भनेर प्रत्येक वडामा व्यक्तिले स्थापना गर्ने वडाले सिफारिस गरेको एउटा कुटानी पिसानी मिल स्थापना गर्दा लाग्ने खर्चमा ५० प्रतिशत अनुदान दिन लाग्ने खर्च प्रतिमिल रु. २ लाखका दरले **२२ लाख** विनियोजन गरेको छु ।

१७.थ्रेसर मेसिनले कृषकहरुलाई बाली भित्र्याउन सहज बनाउने भएकाले यसको माग निरन्तर बढीरहेको छ । समुहमा एउटा मेसिनले धेरै सहज हुने भएकाले ढुवानी खर्च कृषक समूह आफैंले व्यहोर्ने गरी ११ वटा थ्रेसर मेसिन खरिद गरी कृषकलाई उपलब्ध गराउन **२२ लाख** रकम विनियोजन गरेको छु ।

१८.४ वटा नर्सरी व्यवस्थापनमा सहयोग गर्न **रु.१ लाख** अनुदानको व्यवस्था गरेको छु । ५५ जना किसानलाई आरिसिकेचर उपलब्ध गराउन रु. **११ लाख** बजेट विनियोजन गरेको छु ।

१९. कृषी उत्पादनमा वैज्ञानिक व्यवस्थापन गरी उत्पादन र गुणस्तरमा टेवा पुर्याउन तालिमको ठूलो भूमिका रहन्छ । आगामी आर्थिक वर्ष प्रत्येक वडाबाट छनौट भएका २० जना अगुवा कृषकहरुलाई तालिम प्रदान गर्न ४ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

२०.साना सिंचाई मर्मत संभार तर्फ आगामी आर्थिक वर्ष रु. ५ लाख रकम विनियोजन गरेको छु । खेतियोग्य जमिनको माटो परीक्षण गराउने र प्रविधि हस्तान्तरण गर्ने कामका लागि **२ लाख २० हजार** रकम विनियोजन भएको छ ।

२१. कृषकलाई जैविक विषादि वितरण गर्न २७ हजार ५ सय तथा च्याउखेतिका लागि विउ वितरण २७ हजार ५ सय रकम विनियोजन गरिएको छ । यसबाट प्रत्येक वडाका १० जनाका दरले ११० जना कृषक लाभान्वित हुनेछन् ।

**पशुपालनमा विकास : विकासको आधार**

२२. ब्रोइलर कुखुराको मासुको खपत निरन्तर वृद्धि भैरहेको सन्दर्भमा कुखुरापालक कृषकहरुलाई प्रोत्साहन गर्न वार्षिक ४०० वटाभन्दा बढी कुखुरा पालन गरी एक टनभन्दा बढी मासु बराबरको कुखुरा विक्री गर्ने प्रत्येक वडाका एक जनालाई २५ हजारका दरले पुरस्कृत गर्न **रु.२ लाख ७५** हजार रकम छुट्याएकी छु ।

२३. प्रत्येक वडामा ३०० का दरले व्यवसायिक कृषकलाई कुखुराका चल्ला अनुदानमा उपलब्ध गराउन ६ लाख ५५ हजार ८ सय पचहत्तर रकम छुट्याएको छु ।

२४. पशु कृषकको भकारो सुधार गर्न ५५ जना कृषकलाई १० हजारका दरले अनुदान दिने गरी ५ लाख ५० हजार रकम विनियोजन गरेको छु । ५५ जना मौरी पालक किसानलाई मौरीपालन उपकरण वापत रु. ३००० का दरले सहयोग गर्न १ लाख ६५ हजार रकम छुट्याएको छु ।

२५. वार्षिक रुपमा वडाको आयोजनामा धान दिवस मनाउनका लागि १ लाख १० हजार रकम विनियोजन गरेको छु । यसबाट नगरपदाधिकारी र कृषकको एकसाथ भेट हुने अवसर जुट्ने विश्वास लिएको छ । त्यस्तै कृषक, पदाधिकारी र कर्मचारीको अध्ययन अवलोकन भ्रमणका लागि ३ लाख ८ हजार रकम विनियोजन गरेकि छु । यसमा प्रत्येक वडाबाट ३ जना अगुवा कृषकहरु अनिवार्य सहभागि हुनेछन् ।

२६. कृषकहरुका लागि ७ वटा बोयर बोका खरिदमा ७५ प्रतिशत अनुदान दिन, ५ वटा राँगो वितरण गर्न, ५५ जना पशु कृषकका लागि मिल्क क्यान खरिद, ५५ वटा भेडिगोठमा सोलार वितरण, २२० जना भेडिगोठालालाई रेनकोट वितरण, ११० जना पशुपालक कृषकलाई त्रिपाल वितरण गर्नका लागि बजेट व्यवस्था गरेको छु ।

२७. ११ वटा कुखुराको खोर व्यवस्थापनका लागि ८ लाख २५ हजार, ११ वटा डिप इन टैंक निर्माण गर्न ११ लाख, पशु औषधि खरिदका लागि ५ लाख ५० हजार, पशु किसानको तालिम तथा अध्ययन भ्रमणका लागि ८ लाख, प्रत्येक वडामा पशुस्वास्थ शिविर संचालन गर्न ५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**फलफुल खेतिको विकास : पर्यटन विकासको आधार**

२८. स्याउको विरुवा खरिद गर्न कृषकलाई ७५ प्रतिशत रकम अनुदान दिइनेछ । प्रत्येक वडामा १००० का दरले जम्मा ११००० विरुवा खरिदका लागि ४लाख १२ हजार पाँचसय विनियोजन गरेको छु । त्यस्तै ओखरको विरुवा खरिद गर्न कृषकलाई ७५ प्रतिशत रकम अनुदान दिने नीति अवलम्बन गरी ११०० विरुवा खरिद गर्न ४ लाख ९५ हजार रकम विनियोजन गरेको छु ।

२९. कागति, सुन्तला, जुनार, अलैचि, अनार (वडा नं. ६,७,८,९) का विरुवा खरिद गर्न कृषकलाई ७५ प्रतिशत रकम अनुदान दिइनेछ । यसका लागि २००० विरुवा खरिद गर्न ६० हजार रकम छुट्याएकी छु । त्यस्तै किवि, कागजी वदामका विरुवा खरिद गरी कृषकलाई ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउन १ लाख ५१ हजार रकम विनियोजन गरिएको छ ।

३०. स्याउको जाम उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन गर्न १ लाख ५० हजार रकम विनियोजन गरेको छु । स्याउखेति गर्ने कृषकलाई चुना निलोतुथो वितरण गर्न २७ हजार ५०० रकम छुट्याएकी छु ।

३१. जडविुटि खेति गर्ने कृषकलाई विउ उपलब्ध गराउन २ लाख ७५ हजार रकम विनियोजन गरिएको छ । यसबाट ११ वटै वडाका ५५ जना कृषकहरु लाभान्वित हुनेछन् । आलुको विउ वितरण गर्न ८८ हजार रकम विनियोजन गरिएको छ ।

**शिक्षामा सुधार : समुन्नतिको आधार**

३२. एस इ इ मा विग्रेडभन्दा माथि प्राप्त गर्ने दलित र गरिव विद्यार्थीलाई प्लस टु शिक्षाको प्राविधिक धार अध्ययनमा सहयोग गर्न १०० जनाका लागि वार्षिक ५० हजारका दरले हुन आउने रकम रु. **५० लाख** हजार छुट्याएको छु । यसले पढेर पनि बेरोजगार बन्नपर्ने युवाहरुको नियतिलाई तत्काल रोजगार प्रप्ती गर्नमा ठोस योगदान गर्नेछ भनि सामाजिक परिर्वतनकालागि समेत एक आधार हुनेछ ।

३३. शिक्षा तर्फ शिक्षकको नियमित तलबभत्ता, छात्रवृत्ति पाठयपुस्तक, दिवा खाजा, व्यवस्थापन खर्च लगायतमा शशर्त तर्फ **१२ करोड १३ लाख ३१ हजार** बजेट विनियोजन भएको छ ।

३४. गरिवि र अभावका कारण विद्यालय भर्ना भै पढ्ने वालवालिकाहरु स्कूल ड्रेस विना नै विद्यालय जान वाध्य छन् । यसका लागि यस बजेटमा विपन्न परिवारका विर्द्याथीका लागि पोशाक वापतको रकम विनियोजन गरेको छु। त्यस्तै निजी श्रोतमा रहेका शिक्षकहरुलाई सहयोगका लागि १ करोड भन्दा बढि रकम छुट्याएको छु ।

३५. प्रत्येक वडामा एउटा नमूना इसिडि बनाउन ११ लाख रकम विनियोजन गरेको छु ।

३६. समुदायमा निरक्षरता व्याप्त छ । अझै पनि कागजमा हस्ताक्षर गर्न नसकि ल्याप्चे लगाउनेमा महिलाहरुको संख्या नै उल्लेखनीय रहेको छ । आगामी वर्ष २७५ जना गृहिणी महिलाहरुलाई साक्षर बनाउन **५लाख ५०** हजार रकम छुट्याएको छु ।

३७. राष्ट्रपति रनिंगशील्ड प्रतियोगिताको शुरुवात गरिएको चालु आ.व.मा नपामा खेलकुदमय वातावरण बनेको छ। आगामी आ.व. मा जिल्लास्तरीय रनिंग शिल्ड समेतको आयोजक बन्ने प्रस्ताव भैसकेको सर्न्दभमा यसका लागि बजेट विनियोजन गरेको छु ।

**स्वस्थ नागरिक : समुन्नतिको आधार**

३८. हरेक स्वास्थ चौकिमा राज्यले तोकेको गुणस्तरमा नागरिकले स्वास्थ सुविधा पाउनु पर्छ भन्ने मान्यता कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध छ । औषधि खरिदमा आगामी आ.वं.का लागि **५० लाख** रकम विनियोजन गरिएको छ ।

३९. समाजमा आमा बनेर बच्चा जन्माउन र हुर्काउन पक्कै सहज काम होइन । आमाहरुलाई घरमै बच्चा जन्माउन लगाउने परम्परागत सोंचले पनि धेरै आमा र बच्चाहरुको स्वास्थ जोखिममा परेको छ । आगामी आ.व.मा प्रत्येक वडामा रहेका एक वर्थिंग सेन्टरलाई स्तरोन्नति गरी नमूना वर्थिंग सेन्टर बनाउन रु. ११ लाख बजेट छुट्याएकी छु । विकास साझेदार तथा अन्य पक्ष समेतको सहयोगमा हरेक वडामा यो सेवा प्रभावकारी बन्ने विश्वास लिएकाछु । वर्थिंगसेन्टरमा काम गर्ने नर्सहरुका लागि एसविए तालिम अनिवार्य रहेकाले ६ जना नर्सहरुलाई यो तालिम दिन **६ लाख** रकम छुट्याएको छु ।

४०. १४ वर्षभन्दा माथिका अविवाहित किशोरीलाई स्वास्थ चौकी मार्फत प्रजनन स्वास्थ्य सम्वन्धी सेवा प्रदान गर्ने उद्देश्यले बजेटको व्यवस्था गरेको छु । त्यस्तै किशोरीहरुलाई **स्यानेटरी प्याड** बनाउन तालिम प्रदान गर्ने कार्यक्रम पनि समावेश गरेको छु ।

४१. समाजलाई स्वस्थ र सहज बनाउन हरेक वडामा योग शिविर संचालनका लागि बजेट व्यवस्था गरेको छु । लागुपदार्थ विरुद्ध जनचेतनामूलक कार्यक्रम गर्न बजेट र कार्यक्रम समावेश गरेको छु । गरीव परिवारका तत्काल उपचार गर्ने भनी रिफर भएका कुपोषित बच्चा तथा जटिल डेलिभरि अवस्थामा रहेका आमाहरुलाई मृत्युबाट जोगाउन सहयोग गर्नका लागि कोष खडा गर्न बजेट छुट्याएको छु ।

४२. खोप सेवा लगायतका नियमित कार्यक्रमका लागि शशर्त अनुदान तर्फ **२ करोडभन्दा** बढी रकम विनियोजन भएको छ ।

४३. आ.व.०७५।७६ मा वहुवर्षिय बोलपत्र आव्हान गरी सम्झौता हुने तयारीमा रहेका वडा नं.२, ३, ५, ८, १० र ११ मा निर्माण हुने ४ कोठे स्वास्थ भवनको चालु आ.व.मा सम्पन्न हुने ४० प्रतिशत वाहेक आगामी आ.व गर्नु पर्ने ६० प्रतिशत कामका लागि संघीय सरकारबाट प्राप्त हुने गरी **रु.१ करोड २** लाख रकम विनियोजन गरेको छु । यि स्वास्थ संस्थाहरु २०७६ साल मंसीर मसान्तभित्र हस्तान्तरण भए पछि २०७६ साल पौष महिनादेखि स्वास्थ सेवा संचालन हुने गरी जनशक्ति परिचालनको व्यवस्था मिलाइनेछ ।

**गरीव वस्तीको मुहार परिवर्तनः**

४४. समाजका गरिव बस्तीमा आजको एक्काइसौं शताव्दीमा पनि गरीवि र अभावका कारण खरको छानो विस्थापन हुन सकेको छैन । खरको छानाको घर आग्लागि जस्ता जोखिममा रहेका छन् भने दैनिक बसोवासमा पनि सहज रहेका छैनन । नगर सरकार बनेपछिको दुइ वर्षसम्म पनि गरीव बस्तीलाई खासै सम्वोधन गरिएन भन्ने गुनासोलाई जायज मान्दै नगरका सवै घरका खरका छानालाई प्रतिस्थापन गर्ने लक्ष्यका साथ आगामी वर्ष वडाले छनौट गरेका गरीव बस्तीका १०० वटा घरबाट खरको छानो विस्थापन गरी टिनको छानो लगाउन प्रति परिवार ३५ हजारका दरले अनुदान दिने गरी **रु.३५ लाख रकम विनियोजन** गरेको छु ।

**लक्ष्यित वर्गलाई पेशा, व्यवसाय र सीप आर्जनमा टेवा :**

४५. यही समाजमा रहेर पनि नियतिले गर्दा **एकल जिवन विताउन** वाध्य एकल महिलाको परिचयपत्र पाएका महिलाहरुलाई उनीहरुको अवस्था अनुसार आयआर्जन वा क्षमता विकासम गर्न सहयोग पुगोस भन्ने उद्देश्यले आगामी वर्ष ११० जनाका लागि **रु.११ लाख** बजेट विनियोजन गरेको छु । प्रत्येक वडाबाट १० जनाका दरले छनौट हुने यो कार्यक्रमबाट यो वर्गको गुनासो सम्वोधन हुने विश्वास लिएको छु ।

४६. समाजमा विभिन्न कारणबाट अपांग बनी जिवन जिउन वाध्य नागरिकहरुलाई उनीहरुमा रहेको क्षमतालाई प्रवर्द्धन गरी सम्मानीत जीवन यापन गर्न सक्ने बनाउन आगामी वर्ष **७७ जना** अपांगहरुलाई लक्षित गरी **रु.७ लाख ७० हजार बजेट** विनियोजन गरेको छु । प्रत्येक वडाले ७ जनाका दरले छनौट गर्ने र यस्ता नागरिकलाई उनीहरुले चाहेको र रोजेको विषयमा शीप वा क्षमता आर्जन गर्ने अवसर प्राप्त गर्नेछन् ।

४७. प्रत्येक वडाको लिंग, उमेर, पेशा, धर्म, जाति, शिक्षा, स्वास्थ, आर्थिक अवस्था आदि झल्कने गरी प्रोफाइल तयार गर्न बजेट छुट्याएकी छु । **महिला/दलित/कृषक/व्यवसायी/शिक्षक/वालवालिकासँग वडाप्रतिनिधिको नियमित छलफल कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु** । महिला/ दलित/कृषक/ व्यवसायी/शिक्षक/वालवालिकाका लागि नगरस्तरीय सम्मेलन आयोजना गर्न बजेट व्यवस्था गरेको छु ।

४८. स्थानीय धामी,झाँक्री, गुरु, पुरोहितलाई कुरिति र कुसँस्कार विरुद्ध वकालत गर्न अभिप्ररित गर्न गरी कार्यक्रम संचालन गर्न बजेट व्यवस्था गरेको छु । वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई पनि अभिमुखीकरण गराइनेछ ।

**उज्यालो बस्ती : तिलागुफाको समुन्नति**

४९. नाग्मा र छाप्रेमा विद्युत्त आयोजना संचालन गर्ने विगतदेखिको प्रयासलाई मुर्तरुप दिन प्राविधिक लगत इष्टिमेट बमोजिम लाग्ने बजेट विनियोजन गरिएको छ । आयोजना संचालन गर्न इलेक्ट्रीकल, मेकानिकल मालसामान नगरपालिकाले नियमानुसार खरिद गर्नेछ भने संरचना निर्माण र मर्मत तर्फको कामको हकमा उपभोक्ता समिति वा ठेक्का मार्फत प्रथम चौमासिक अवधिको शुरुमै प्रकृया अघि बढाई दशैं तिहारसम्म बत्ती बालि वडा नं. १, ३ तथा ७ र ८ वडाको बस्ती उज्यालो बनाइनेछ ।

५०. नगरपालिका क्षेत्र भित्र पर्ने कर्णाली कोरिडोरका मुख्य बजार क्षेत्रहरु नाग्मा, भिग्म, राँचुली, खल्ला, गाल्जे, भैसेगौंडा, बाली लगायतका क्षेत्रमा **सोलार वत्ति बाल्नका लागि रु.३० लाख** बजेट विनियोजन गरेको छु । यसबाट कर्णाली राजमार्ग भएर ओहोरदोहोर गर्ने तमाम पर्यटक तथा स्थानीय वासिन्दामा सकरात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

**भौतिक पूर्वाधारमा प्रगति : तिलागुफाको समुन्नति**

५१. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानमा नगरपालिकाको लागत सहभागित समेत गरेर देहायका ८ वटा सडकहरु निर्माण तथा स्तरोउन्नति गरिनेछन् । उक्त सडकहरुको निर्माण पछि

नगरमा सडक सञ्जाल थप मजवुत बन्ने हुँदा आम जनतालाई  आवतजावत र यातायात प्रयोगमा थप सहज हुनेछ ।

| |
|---|
| (क) भैसिगौंडा ठिन्के रुढु सडक स्तरोन्नति  रु ५० लाख |
| (ख) गाल्जे ठिन्के सडक निर्माण ५० लाख |
| (ग) गादोपाड्नेढुंगा कालीका मावि सडक स्तरोन्नति  ५० लाख |
| (घ).पाखेढुंगा गादोपाड्नेढुंगा स्तरोन्नति  ५० लाख |
| (ड) सेराभिड  रतडा.दियारटोली सडक निर्माण रु ५० लाख |
| (च) राँचुली धनडा सडक निर्माण ५० लाख |
| (छ) दियारे रोकायवाडा सडक निर्माण ५० लाख |
| (ज) बालीचौर छाप्रे सडक निर्माण ५० लाख |

५२. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रु.२ करोड विशेष अनुदानबाट नगरपालिकाका देहायका पूर्वाधारहरु निर्माण गरिनेछन् ।
(क) तिलागुफा पुगमालिका पर्यटन क्षेत्र विकास कार्यक्रम १ करोड
(ख) रुडु वञ्चु जलजला पर्यटन क्षेत्र विकास कार्यक्रम   १ करोड

५३. पहिरो पन्छाउने काम भएका सडक आयोजनाहरुका लागि लागत इष्टिमेट बमोजिम लाग्ने रकम रु. **४७ लाख ५२ हजार** विनियोजन गरेको छु । उपभोक्ता समिति मार्फत सम्पन्न हुने यस कामका लागि जनसहभागिताको काम समेत सकिए पछि प्राविधिक मूल्यांकन गराई नियमानुसार भुक्तानी हुने व्यवस्था गरिनेछ ।

**५४.** सडक बोर्डबाट प्राप्तहुने र नगरपालिकाको साझेदारिमा छुट्याइएको नियमित सडक मर्मत रकम रु ३५ लाखबाट ओखरभिटा, भैसागौडा ठिन्के, रुडु, गाँठापाण्डेढुंगा छाप्रे सडक खण्ड र्ममतका लागि रकम विनियोजन गरिएको छ ।

## युवाशक्तिको परिचालन :

५५. नगरका प्रत्येक वडाबाट ९ जनाका दरले नगरभरिमा **९९ जना** बेरोजगार युवाहरु तत्काल सहभागि हुने श्रम तथा रोजगार बैंकको स्थापना गरिनेछ । यस कार्यका लागि रु.२० लाख रकम विनियोजन गरेको छु । स्वीकृत कार्यविधि अनुसार नगरका विकास गतिविधिमा संचालन हुने यि श्रम तथा रोजगार बैंकका सदस्यहरुले काम गरेको आयोजनाबाट पारिश्रमिक तथा ज्याला भुक्तानी हुने व्यवस्था मिलाइनेछ । यस व्यवस्थाबाट हरेक सानातिना काममा उपभोक्ता समिति गठन गर्नु पर्ने वाध्यता हटनेछ भने युवाहरुमा श्रम प्रतिको सम्मान बढी नयाँ कार्यसंस्कृतिको शुरुवात हुनेछ ।

५६. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन हुने भात्तडि ज्यूला झोलुंगे पुल निर्माणमा **रु.३५ लाख**, नाग्मा फूइ, दहचौर राँचुली जुविथामा सडक सुधारमा **१४ लाख ८** हजार, नगरले तोकेको स्थानमा नवीकरणीय उर्जा विकासका लागि **२० लाख ५०** हजार विनियोजन गरिएको छ ।

## पर्यटन पूर्वाधारको विकास : तिलागुफाको विकासको आधार

५७. रुडु बञ्चु क्षेत्रको विकासमा पर्यटकीय पूर्वाधार विकासमा संघीय सरकारबाट चालु आ.व.मा प्राप्त विशेष अनुदानबाट मन्दिर तथा बाटो निर्माणका कामहरु प्रकृयामा रहेका छन् । आगामी आ.व.मा  **गाल्जेदेखि रुडुसम्म केवुलकार** संचालन सम्वन्धी संभाव्यता अध्ययन गर्न रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

संभाव्यता अध्ययन प्रतिवेदन प्राप्त भए पछि डिपिआर तयार गराएर लगानीका श्रोतहरु जुटाइ अर्को वर्ष यस कामलाई मुर्तरुप दिने लक्ष्य राखिएको छ ।

५८. पर्यटकहरुलाई घुम्न आउ मात्र भनेर हुदैन । उनीहरुका लागि सहज हुने गरी खाने बस्ने व्यवस्था भएमा मात्र पर्यटकको आकर्षक बढ्छ । यसै मान्यतालाई कार्यान्वयन गर्न आगामी वर्ष **फोइ, रतडा र रूडुमा** वडाले छनौट गरेका स्थानीय समुदायका घरहरुमा होमस्टे संचालनमा ल्याउन **रु. ३ लाख** रकम सहयोग गर्ने व्यवस्था मिलाएकी छु । यसबाट आन्तरिक र वाह्य पर्यटक गाँउमा भित्रिइ वास बस्दा रोजगारी सृजना र आय आर्जनमा सकरात्मक योगदान पुग्ने विश्वास लिएको छु ।

**विपद जोखिम तयारी :**

५९. बस्तीको प्रकृति अनुसार व्यहोर्नु पर्ने विपदका जोखिमहरु एकनासका छैनन । हिंउ पर्ने क्षेत्र रुडु, फुइ जस्ता उच्च स्थानमा रहेका बस्ती तथा तिला नदी किनारामा रहेका वस्तीहरुले विपदका लागि फरक फरक तयारी गर्नु पर्ने हुन्छ । यसै तथ्यलाई मनन गरी आगामी वर्ष प्रत्येक वडामा विपद जोखिम विरुद्ध लड्न आवश्यक तयारी गर्नका लागि रु.१ लाखका दरले **११ लाख रकम** विनियोजन गरेको छु । यसबाट विदमा आश्रय लिने ठाँउहरु, खुल्ला ठाँउहरु व्यवस्थापन हुने विश्वास लिएको छु ।

६०. गाँउघरमा परम्परागत धारा, कुवा र पानीका मुहान तथा पोखरीहरु लोपहुदै र नासिदै गैरहेका छन् । भौतिक पूर्वाधार निर्माणका लागि सडक खन्दा वा मौसम परिवर्तनका प्रभावका कारण यस्ता जोखिमहरु बढ्दै गएका छन् । यस्ता धारा, कुवा, पोखरी र पानीका मुहानहरुलाई स्थानीयहरुको सहभागिता र अपनत्वमा संरक्षण गर्नु पर्छ भन्ने मन्यतामा रहेर हरेक वडामा १ लाखका दरले **११ लाख रकम** विनियोजन गरेको छु । यो बजेटबाट वडाले योजना बनाई संभव भएका स्थानमा खुला स्नानगृह निर्माण गरेर वस्तीलाई पर्यटकीय आकर्षन वनाउन सक्नेछ ।

**वडाको उन्नति : तिलागुफाको समुन्नति**

६१. वडा नं. १, २, ५, ८, १०, ११ वडा कार्यालय भवन निर्माण गर्न रु.२० लाखका दरले १ करोड २० लाख रकम विनियोजन गरिएको छ । यसबाट एउटै डिजाइन र ढाँचामा वडा कार्यालयहरु निर्माण भै कार्य वातावरणमा सुधार आउने विश्वास लिइएको छ ।

६२. नगरपालिकाका प्रत्येक वडाले आफैं छनौट गरेका २० लाखसम्मका योजना र कार्यक्रमहरु वडा बजेटका रुपमा बजेटमा समावेश गरेको छु । वडाले प्राथमिकता तोकेका अन्य योजनाहरुमा समेत वजेट विनियोजन भएको छ । वडाका लागि चालु खर्च तर्फ प्रतिवडा न्यूनतम् औषत २५ लाख तथा समानीकरण र शशर्त तर्फ गरी थप १ करोड रकम बराबरको कार्य जिम्मेवारी सुम्पिएकी छु । यसबाट नगरका प्रत्येक वडाहरुमा यो वर्ष औषतमा १ करोड २० लाख रकम प्रवाह हुने व्यवस्था मिलाएको छु ।

६३. वडा नं. ९ को लुभ्रमा रेलिंगवाला बाटो बनाई बस्तीको आवतजावतलाई जोखिम रहित बनाउन रु.१५ लाख विनियोजन गरिएको छ । यसबाट विकट भूगोलको परम्परागत वस्ति राजमार्ग संग जोडिई आवत जावतमा सहज हुने विश्वास लिएको छु ।

६४. तिलागुफाको नामाकरणमै परेका ऐतिहासिक तिलागुफाको प्रचार प्रसारका लागि कर्णली राजमार्गबाट गुफा झर्ने बाटोमा स्वागत द्धवार निर्माण गरिने छ ।

**अन्य**

६५. स्थानीय श्रोत जडिवुटी, वनपैदावार, वालुवा, ढुंगा, गिटी निकासीलाई व्यवस्थित गर्न बोलकबोल प्रणाली अबलम्बन गर्ने नीति लिइनेछ । नगरबाट हुने सबै प्रकारका ठेक्कालाई इविडिंग प्रणालीबाट प्रतिस्पर्धा गराउने गरी व्यवस्थित गरिनेछ ।

६६. बजेटमा भएका सबै विषयहरु मैंले यहाँ समेटन सकेको छैन । विस्तृत विवरण बजेटको डकुमेन्टमा पाउनु हुनेछ ।

सभाध्यक्ष महोदय,
अब म आगामी वर्षका लागि आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु :
६७. आम्दानी तर्फ

| १. समानीकरण अनुदान तर्फ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं.. | आयका श्रोतहरु | न्यूनतम् अनुदान | सुत्रमा आधारित अनुदान | राजस्व बाँडफाँट | कुल जम्मा |
| १ | संघ सरकारबाट प्राप्त हुने अनुदान | २५०००००० | ७६८००००० | ६८९००००० | १७०७००००० |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | | ५०३९००० | ३९४००० | ५४३३००० |
| ३ | आन्तरिक आय | | | | |
| | (क) राजस्व | | | | ७०००००० |
| | ख) आ.व.०७४।७५ मा खर्च नभइ वचत हुन आउने समानीकरण तर्फको रकम | | | | ६१००००० |
| | (ग) आ.व.०७५।७६ मा खर्च नभइ वचत हुन आउने समानीकरण तर्फको रकम | | | | ५००००००० |
| | विनियोजन योग्य आय | २५००००००० | ८१८३९००० | ६९२९४००० | २३९२३३००० |

| शशर्त अनुदान तर्फ (अख्तियारी प्राप्त भैसकेका ) | | |
|---|---|---|
| क्र.सं.. | आयका श्रोतहरु | शशर्त अनुदान रकम |
| १ | संघ सरकारबाट प्राप्त हुने शशर्त अनुदान | १३५०००००० |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने शशर्त अनुदान | ० |
| ३ | एस.एस.डि.पि. | १६९००००० |
| ४ | युनिसेफ | २००००० |
| | जम्मा | १५२१००००० |

| शशर्त अनुदान तर्फ (अख्तियारी प्राप्त भै नसकेका ) | | |
|---|---|---|
| क्र.सं.. | आयका श्रोतहरु | शशर्त अनुदान रकम |
| १ | सामाजिक सुरक्षा भत्ता | ८०००००००० |
| २ | सडक बोर्ड नेपाल | ३५००००० |

| | | |
|---|---|---|
| ३ | ६ वटा स्वास्थ चौकी निर्माणको वाँकी रकम | १०२०००००० |
| | जम्मा | ९३७०००००० |
| समपुरक कोषबाट प्राप्त हुन सक्ने | | |
| १ | संघ सरकारबाट प्राप्त हुनसक्ने समपुरक अनुदान | २०००००००० |
| २ | प्रदेश सरकारबाट प्राप्त हुनसक्ने समपुरक अनुदान | १०००००००० |
| | जम्मा | ३०००००००० |
| विशेष कोषबाट प्राप्त हुन सक्ने | | |
| १ | संघ सरकारबाट प्राप्त हुनसक्ने विशेष अनुदान | १०००००००० |
| २ | प्रदेश सरकारबाट प्राप्त हुनसक्ने विशेष अनुदान | १०००००००० |
| | जम्मा | २०००००००० |

| गैह्र सरकारी संस्था/विकास साझेदारको बजेट | | |
|---|---|---|
| १ | सेभ द चिल्ड्रेन/किर्डाक नेपाल (सहयात्रा परियोजना) | २४०६९२२५ |
| २ | सेभ द चिल्ड्रेन/भिडिसेफ नेपाल (शुभारम्भ परियोजना) | ११७५७३६७ |
| ३ | Action works Nepal | १६५७७५२ |
| ४ | सेभ द चिल्ड्रेन (पहुँच परियोजना) | ३०१८७५० |
| ५ | सेभ द चिल्ड्रेन/भिडिसेफ नेपाल (वाई.ई.वि.पि. परियोजना) | १०४५३४० |
| ६ | स्वास्थ्यको लागि सक्षम प्रणाली | ८००००० |
| | जम्मा | ४२३४८४३४ |

**जम्मा बजेट** ५७७,३८१,४३४

**खर्च विवरण :**

६८. यस पटकको बजेट नेपाल सरकारले बनाएको सफ्टवेयर प्रणाली (सुत्र) मा आधारित भएकाले यो बजेट उक्त सिष्टममा अद्यावधिक गर्ने कार्य भैरहेको छ । विभिन्न श्रोतगत, क्षेत्रगत, खर्च शीर्षकगत, कार्यक्रमगत विवरणहरु सिष्टमबाट तयार हुने भएकाले हाल छुट्टै समावेश गर्न सकेको छैन । विनियोजन ऐन र आर्थिक ऐन पनि सफ्टवेयर सिष्टममा बजेट इन्ट्री भैसकेपछि मात्र पुर्ण हुनेछन । यस सम्मानीत सभामा ती सबै विवरणहरु म प्रस्तुत गर्ने नै छु ।

६९. यो बजेट तर्जुमा गर्न सहयोग गर्ने राजनीतिक दल, वडापालिका, स्थानीय समूदाय, नगरकार्यपालिकाका सदस्य र नगरपालिकाका कर्मचारीहरु लगायत विकास साझेदार सबैलाई हार्दिक धन्यवाद भन्न चाहन्छु ।

दन्ता नेपाली
उपप्रमुख
तिलागुफा नगरपालिका कालीकोट
२०७६ साल आषाढ १० गते